# बरियारपट्टी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# बरियारपट्टी, सिरहा
## प्रदेश नं. २, नेपाल

## रोजगार संयोजक र प्राबिधिक सहायक करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७७/०७/२४ गते

यस बरियारपट्टी गाउँपालिका अन्तर्गत तपशिल बमोजिमका कर्मचारी करारमा राख्नुपर्ने भएकोले प्रचलित कानुन बमोजिम योग्य नागरिकहरूले सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा आवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघेर आएका दस्वास्त उपर कुनै कारवाही गरिने छैन ।

| क्र.स | विज्ञापन नं. | पद | संख्या | नियुक्तिको किसिम | दस्खास्त दस्तुर रू | योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ४/२०७७/०७८ | **रोजगार संयोजक** | १ | **करार** | १०००/- | क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातक वा सो सरह उत्तीर्ण गरेको, ख) उमेरको हकमा दरखास्त दिने अन्तिम मितिमा कम्तिमा २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको, ग) भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरीएको, घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको । |
| २ | ५/२०७७/०७८ | **प्राबिधिक सहायक** | १ | **करार** | ७००/- | क) सिभिल ईन्जिनियरङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उर्तीण भएको ख) अनुभव र सिप प्राविधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्ने छ । १. कम्तीमा ३ महिने तालिम लिई आधारभुत कम्प्युटर सीप भएको, २. पुर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव पारिस्परिक सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ग) उमेरः कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको |

१. संलग्न गर्नपर्ने काग्जातहरू :आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरू

- रोजगार संयोजकको हकमा : क) नागरिकता, ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको, ग) चारित्रिक प्रमाण पत्र, घ) ३ प्रति पासपोर्ट आकारको फोटो
- प्राबिधिक सहायकको हकमा : क) नागरिकता, ख) न्युनतम योग्यताको शैक्षिक प्रमाणपत्र ,ग) चारिविक प्रमाण पत्र , घ) अनुभव खुल्ने कागजात, ङ) ३ प्रति पासपोर्ट आकारको फोटो

२. आवेदन शूल्क : बरियारपट्टी गाउँपालिकाको प्रभु बैंक लिमिटेड, बरियारपट्टी शाखा, सिरहामा रहेको संचित कोष खाता नं. १४७०११६०८२६०००१६ रकम जम्मा गरेको भौचर पेश गर्न सकिनेछ ।

३. दरखास्त पेश गर्ने स्थान : बरियारपट्टी गाउँपालिकाको कार्यालय, बरियारपट्टी (आवेदन फारम बरियारपट्टी गाउँपालिकाको कार्यालयबा६ र गाउँपालिकाको बेवसाईट www.bariyapattimun.gov.np बाट डाउनलोड गरि प्राप्त गर्न सकिनेछ) ।

४. आवेदन पेश गर्ने अन्तिम मिति : मिति २०७७/०८/०९ गते सम्म ।

५. तलब सुबिधाः रोजगार संयोजकको हकमा : रोजगार संयोजकको पदपूर्ती र सेवा सुबिधा सम्बन्धी मापदण्ड, २०७६ को परिछेद ६ बमोजिम हुनेछ ।

- प्रबिधिक सहायकको हकमा : गाउँपालिका प्राविधिक सहायक पदपुर्ति सम्बनधी प्रक्रिया को दफा (११) र (१३) बमोजिम हुनेछ ।

६. छनौट परीक्षा : रोजगार संयोजकको हकमा : नेपाल सरकार मन्त्रिपरिषदबाट पारित रोजगार संयोजकको पदपुर्ति र सेवा सुबिधा सम्बन्धी मापदण्ड, २०७६ र प्रबिधिक सहायकको हकमा : गाउँपालिका प्राविधिक सहायक पदपुर्ति सम्बनधी प्रक्रिया बमोजिम छनौट परीक्षा संचालन गरिनेछ । छनौट परीक्षाको मिति, समय र स्थान आवेदन दर्ता उम्मेदवारहरूको प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशित गर्ने समयमा जानकारी गराईनेछ ।

७. आवेदनको ढाँचा पाठयक्रम र रोजगार संयोजक र प्राविधिक सहायक पदको कार्य विवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**